नेपाल नागरिक उड्डयन प्राधिकरण

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको

बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१५

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ प्रथम तल्लामा अन्तिम सुरक्षा जाँच पश्चात पुरानो डिपार्चर हलको विस्तारित स्टेरायल हल क्षेत्रमा तोकिएको ४६.२१ बर्गमिटर क्षेत्रफलमा (छयालिस दशमलव दुई एक )बर्गमिटर स्थानमा Tea & Coffee Stall संचालन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट होटल संचालन गर्ने अनुमती प्राप्त गरेको वा टी,कफी पसल संचालन गर्ने अनुमती प्राप्त गरेका ईच्छुक सस्था/फर्म वा कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>शर्तहरु</u>

१.यो सूचना प्रकाशित भएको मितिले ३० (तिसौ) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैक, गौचर शाखामा रहेको कार्यालयको खाता नम्बर १६९०१०००००११००६ मा रु. २२,६००/— (अक्षेरेपीः वाईस हजार छ सय रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, नेपाल सरकारको सम्बन्धित निकायबाट होटल ब्यवसाय संचालन गर्न अनुमती गरेका ईच्छुक सस्था,फर्म वा कम्पनीहरुले आर्थिक वर्ष२०८१।०८२ को कर चुक्ताको प्रमाण पत्र वा म्याद थप गरेको प्रमाण र , प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको ब्यहोराको पत्र , मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र पत्रको प्रतिलिपि सहित निवेदन यस कार्यालयको कर्पोरेट महाशाखामा पेश गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.ठेक्का अवधि विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम २५ को (३) बमोजिम ५ (पाँच) वर्ष अवधिको हुनेछ । उक्त अवधि पश्चात नियमानुसार वोलपत्रको माध्यमबाट नयाँ ठेक्का बन्दोवस्त गरिनेछ। ५ (पाँच) वर्षको न्यूनतम ठेक रकम रु.१६,६०,१२,६७०।-(अक्षेरेपीः सोह्र करोड साठी लाख वाह्र हजार छ सय सत्तरी) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचंकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुने र सो रकम प्रत्येक किस्ता शुरुहुनु अगावै बुझाउनु पर्नेछ।

३.बोलपत्र साथ रजिस्टर्ड फर्म-कम्पनी दर्ता प्रमाण पत्र नविकरण ,ब्यबसाय संचालन गरेको प्रमाणपत्र सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने सञ्चालकको नागरिकताको प्रतिलिपि, काम कारवाहीमा भाग लिन अयोग्य नभएको ,आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

४.बोलपत्र साथ न्यूनतम ठेक रकमको ५% ले हुने रकम रु ८३,००,६३४।— (अक्षेरेपीः त्रिरासी लाख छसय चौतिस )बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१०००००७०००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त(क )वर्गको वाणिज्य बैंकबाट कार्यालयको नाममा जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) पेस गर्नुपर्नेछ ।

५.बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तिसौं) औ दिन कार्यालय समय भित्र खरिद गरी ३१ (एकतिसौ) दिनको १२:०० बजे भित्र कर्पोरेट महाशाखामा दाखिला गर्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ३१ ((एकतिसौ)) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन माथी उल्लेखित समय र स्थानमा खरिद तथा दर्ता गरिनेछ ।

६ .दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

७.बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

८.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

९. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१०. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ ।

११. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१२.यस सूचना बमोजिम आह्वान भएको बोलपत्र जुनसुकै अवस्थामा जुनसुकै कारणले कार्यालयले रद्द गर्न वा स्थगित गर्न सक्नेछ । यसरी रद्द वा स्थगित भएमा सबै बोलपत्रदातालाई सार्वजनिक सूचना मार्फत सो सम्बन्धी जानकारी दिइनेछ ।

१३. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राखिनेछ ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न